**Butwal Campus Journal, Vol. 6, No. 1: 127-134, December 2023**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v6i1.62978

# 'संस्कृति' कथामा प्रभुत्व

**प्रदीपप्रसाद ज्ञवाली**

*उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय*

*Article History: Received 29 August 2023; Reviewed 11 October 2023; Revised 13 December 2023; Accepted 25 December 2023*

## लेखसार

संस्कृति किशन थापा 'अधीर' द्वारा लेखिएको पिँढी र प्रभुत्वका दृष्टिले सबल कथा हो । यस अनुसन्धानात्मक लेखमा उक्त कथालाई पाठका रुपमा लिई पिँढी र प्रभुत्व सम्बन्धी विभिन्न मान्यताहरू मध्ये वर्गीय प्रभुत्व र लैङ्गिक प्रभुत्वलाई मुख्य सैद्धान्तिक ढाँचा बनाएर अध्ययन गरी यसको अर्थ निर्क्योल गरिएको छ । यस कथामा रहेका वर्गीय र लैङ्गिक प्रभुत्व सम्बन्धी विभिन्न पक्षहरू पहिल्याउनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।  यो कथा नेपालको सामन्तवादी सामाजिक पृष्ठभूमिमा लेखिएको छ । यसमा वर्चस्वशाली, अधीनस्थ र उदीयमान पिँढीको उपस्थिति रहेको देखिन्छ । नेपाली समाजमा जानकीदासजस्ता सम्भ्रान्त प्रभुत्वशाली वर्गले आर्थिक प्रभुत्व मात्र होइन सांस्कृतिक प्रभुत्व समेत कायम राखिराख्न र अर्को पिँढीलाई अधीनस्थ बनाइराख्न प्रयासरत हुन्छन् भन्ने कुरा व्यक्त गरिएको छ ।  उनीहरूले यस्तो कार्य बल प्रयोग गरेर नभई सन्धी सम्झौताका माध्यमबाट गर्छन् भन्ने कुरा अभिव्यक्त गरिएको पाइन्छ साथै यस कथामा प्रभुत्वशाली पिँढीको ज्याजतीका विरुद्धमा दोस्रो वा तेस्रो पिँढीले बैकल्पिक बाटो लिन्छ भन्ने कुरालाई पुष्टि गरिएको छ । लैङ्गिक प्रभुत्वको मुख्य स्रोत पितृसत्ता हो र पितृसत्ताले नारीलाई पुरुषको प्यास र थकाइ मेटाउने साधन बनाउन खोजेको छ भन्ने कुरालाई पुष्टि गरी पुरुषवादी हैकमका कारणले नारीहरू वर्गीय तथा लैङ्गिक गरी दोहोरो दमनमा पर्नु परेको कुरा पनि यस कथामा अभिव्यक्त भएको पाइन्छ । नरेले आफ्नी बहिनीलाई बेपत्ता पार्ने मालिक जानकीदासमाथि आक्रमण गरी प्रभुत्वशाली वर्गको दवाव र तनाबका बिचबाट त्यसको समाधान स्वरूप नयाँ चेतनाको निर्माण गरेको छ तर वीरबहादुर र उसका छोराहरू हर्के र बिर्खे वर्गीय दृष्टिले नरे समान छन् तथापि उनीहरूले मालिक जानकीदासको कुत्सित मनसायलाई बुझ्न नसकेर उल्टै नरेमाथि आक्रमण गर्न पुग्छन् । यस कथामा एकातिर प्रभुत्वशाली वर्गबाट श्रमिकहरूले आफू शोषित भएका वा ठगिएका छौँ भन्ने कुरा थाहा पाउँदैनन् बरु उनीहरूकै चाकरीमा तल्लीन हुन्छन् भन्ने कुरा व्यक्त गरिएको छ भने अर्कातिर शक्तिहीन श्रमिकहरूले प्रभुत्वशाली मालिकका विरुद्ध बिद्रोहभाव व्यक्त गरी शक्ति आर्जन गर्ने प्रयासतर्फ उन्मुख भएको कुरा अभिव्यक्त भएको पाइन्छ ।

**शब्दकुञ्जी :**  पितृसत्ता, वर्चस्वशाली, शोषित, सम्भ्रान्त, सामन्तवादी ।

## विषयपरिचय

*संस्कृति* कथा किशन थापा अधीर (२०३१) द्वारा लेखिएको हो  । उनका ***अन्धाहरूको देशमा*** (२०६०),  ***अद्यापि*** (२०६६) र ***सँघारमा*** (२०६९) गरी तीन ओटा कथासङ्ग्रहरू प्रकाशित छन् । यो कथा अद्यापि कथा सङ्ग्रहमा सङ्गृहीत छ । उनले वि.स. २०४७ सालको छलफल पत्रिकामा *दुर्बिनभित्रको काठमाडौँ*  कथा प्रकाशित गरी कथा लेखनमा प्रवेश गरेका हुन् । उनी उत्तरवर्ती चरणका सशक्त र प्रयोगशील कथाकार हुन् । चेलीबेटी बेचबिखन, लैङ्गिक असमानता, राजनीतिक विकृति र विसङ्गति,

युगीन यथार्थको प्रकटीकरण र उत्तरआधुनिकतावादी बहुलवादी प्रवृत्ति आदि उनको कथा लेखनका विशेषताहरू हुन् । उनका कथाहरू मध्ये *संस्कृति* प्रभुत्वका दृष्टिकोणले महत्वपूर्ण प्रतिनिधि कथा हो । यो चेलीबेटी बेचबिखनलाई विषयवस्तु बनाएर लेखिएको कथा हो । यस कथामा प्रखर रूपमा प्रभुत्ववादी चिन्तन प्रस्तुत भएको पाइन्छ । प्रभुत्वमा केन्द्रित रहेर *संस्कृति* कथामा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान नभएको हुनाले यस विषयमा अध्ययन गर्न चाहने अध्येताका लागि यो आलेख उपयोगी हुन सक्दछ । यहीँ रिक्ततालाई पूरा गर्ने ध्येय राखेर यस अध्ययनमा प्रस्तुत कथामा केकस्ता प्रभुत्ववादी चिन्तनहरू पाइन्छन् भन्ने प्रश्नमा केन्द्रित रही त्यसको निरुपण गर्ने मुख्य उद्देश्य राखी ग्राम्ची र रेमन्ड विलियम्सको पिँढी र प्रभुत्वसम्बन्धी मान्यताका सापेक्षतामा वर्गीय तथा लैङ्गिक उत्पीडन र प्रभुत्वलाई मात्र मूलभूत आधार बनाई यिनै मान्यतामा सीमित रहेर यस कथाको विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनको विषय गुणात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा विभिन्न लेखकहरूद्वारा लेखिएका आधुनिक कथाहरूमध्ये प्रयोजनपरक नमुना छनौट पद्धतिका आधारमा किशन थापा अधीरद्वारा लेखिएको *संस्कृति* कथा छनौट गरिएको छ । निर्धारित उद्देश्य पूरा गर्नका निम्ति आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा सँस्कृति कथा लिइएको छ भने द्वितीयक स्रोतको सामग्रीका रूपमा उक्त कथाका बारेमा गरिएका विभिन्न अध्ययन तथा समीक्षा एवम् प्रभुत्व सम्बन्धी सिद्धान्तका बारेमा गरिएका अध्ययन सामग्रीहरूलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा विषयवस्तु विश्लेषण विधि अवलम्बन गरिएको छ साथै उपर्युक्त सामग्रीहरूको समुचित प्रयोग गरी यस कथामा रहेको प्रभुत्वसम्बन्धी विचारलाई उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारी निगमन विधिबाट सामग्रीको अर्थापन गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक आधार

प्रभुत्व सम्बन्धी अवधारणाका संस्थापक इटालियन विचारक एन्टोनियो ग्राम्ची (सन् १८९१-१९३७) हुन् । उनको प्रभुत्व सम्बन्धी मान्यता सांस्कृतिक अध्ययनको महतवपूर्ण विषय हो । प्रभुत्वलाई अङ्ग्रेजीमा हेजेमोनी भनिन्छ । यो शब्द प्राचीन ग्रीसेली भाषाको हेजेमोनबाट विकसित भएको हो । एडगर र सेविकका अनुसार ग्रीसेली भाषामा यसको अर्थ नेतृत्व, पथप्रदर्शक वा शासक भन्ने हुन्थ्यो । सामान्य रूपमा हेजेमोनी शब्दको अर्थ एउटा देशले अरु देशमाथि नियन्त्रण गर्नु भन्ने भए पनि ग्राम्चीले राजनीतिक, सांस्कृतिक वा बौद्धिक रूपमा कुनै पनि विचारधाराका माध्यमबाट सत्ताधारीले जनतामाथि दमन गर्ने अर्थमा यस शब्दलाई प्रयोग गरी मार्क्सवादी सन्दर्भ प्रयोग गरेका छन् (भट्टराई, २०७८ पृ.३३) । समग्रमा प्रभुत्व भनेको समाजमा शासनको हैकम चलाउने संस्कृति हो भन्ने बुझिन्छ । ग्राम्ची जेलमा रहँदा लेखेको पिजन नोटबुकमा उनको प्रभुत्वसम्बन्धी मान्यताको व्याख्या गरिएको छ ।

ग्राम्चीको चिन्तनको मुख्य विषय प्रभुत्व वा वर्चस्व हो । यसको मुख्य आशय के हो भने बल प्रयोग नगरिकन पनि समाजका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ । समाजमा उच्च वर्गले आर्थिक शक्ति प्राप्त गरेपछि बौद्धिक र नैतिक बलका आधारमा अधीनस्थमाथि प्रभुत्व जमाएको हुन्छ । उच्च वर्गले यस प्रकारको नेतृत्व गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गर्छ र एउटा साझा मान्यताको विकास गर्छ (पाण्डेय, २०७३ पृ.६४) । प्रभुत्वमा वार्ता र सहमति आधारभूत तत्वका रूपमा रहन्छन् । विचारहरू पनि माथिबाट लादिँदैन, न त स्वतन्त्र रूपले यसको विकास गरिन्छ । बरु एउटा यस्तो अवस्थाको निर्माण हुन्छ, जतिबेला श्रमिकहरू हामी शोषित भएका वा ठगिएका छौँ भन्ने थाहा पाउँदैनन् । पूँजीपतिले लिएको

अतिरिक्त मूल्य पनि उनीहरूको अधिकार हो भन्ने उनीहरू ठान्छन् । यसको तात्पर्य जनतामाथि शासन हिंसा वा बलद्वारा नभई विचारधारामा आधारित हुन्छ भन्ने हो । प्रभुत्वशाली वर्गले समाजमा परम्परागत बुद्धिजीवीको पनि निर्माण गर्छ र तिनीहरूले नजानिदो ढङ्गले शासक वर्गीय विचारधाराको समर्थनमा माहोल सृजना गर्छन्, जसले गर्दा अधीनस्थ पिढीले प्रभुत्वशाली संस्कृतिलाई सहर्ष स्वीकार गरिरहेको हुन्छ । यसरी जनतासँग सहमतिको नाममा वर्चस्वशाली वर्गले हिँसा बिना नै दमन गर्ने गरी शासक वर्गीय विचारधाराको निर्माण गर्ने कामलाई नै ग्राम्चीले प्रभुत्वको रूपमा स्थापित गरेका छन् ।

पिँढीका बारेमा स्पष्ट चर्चा गर्ने अर्का चिन्तक बेलायतका रेमन्ड विलियम्स (सन् १९२१-१९८८) हुन् । उनले ग्राम्चीको प्रभुत्वको अवधारणाको सहयोग लिएर संस्कृति र साहित्यको विवेचना गरेका छन् । विलियम्सको अवधारणा पिँढीसँग सम्बन्धित छ । उनका विचारमा समाजमा प्रायः पहिलो पिढी शासक तुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो वा तेस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा नयाँ चेतना निर्माण गर्छ र प्रभुत्वशाली पिँढीको दबाब र तनाबको बिचबाट त्यसको समाधान स्वरूप दास्रो वा तेस्रो पिँढीले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ । यसै कारण विलियम्स यस पिँढी वा समुदायलाई प्रभुत्वशाली सांस्कृतिक उत्पादन समूहको संज्ञा दिन्छन् ( पाण्डेय, २०७३ पृ.३५) । यसको आशय के हो भने समाजमा सधैँ कुनै एउटा पिँढीको मात्र वर्चस्व रहिरहन्छ भन्ने छैन एउटा कालखण्डमा एउटा वर्ग वा समुदायको वर्चस्व रहन सक्छ र अर्को कालखण्मा अर्कैको वर्चस्व रहन सक्छ ।

यसरी समाजमा सधैभरि एउटा पिँढीको मात्र प्रभुत्व रहन्छ भन्ने छैन आवश्यकता अनुसार अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा नयाँ पिँढीको पनि जन्म हुन सक्छ । प्रभुत्व पनि सामाजिक, राजनैतिक, वर्गीय, लैङ्गिक आदि आधारमा हुन सक्छ तर यहाँ वर्गीय र लैङ्गिक प्रभुत्वमा सीमित रहेर संस्कृति कथाको अध्ययन गरिएको छ । आर्थिक सम्पन्नताका आधारमा जमाइने हैकमलाई वर्गीय प्रभुत्व भनिन्छ । यसमा आर्थिक रूपमा सम्पन्न वर्ग वा समुदायले आर्थिक रूपमा विपन्न वर्ग वा समुदायमाथि हैकम कायम गर्ने गरेको पाइन्छ भने लैङ्गिक आधारमा कायम गरिने हैकमलाई लैङ्गिक प्रभुत्व भनिन्छ । यसमा नारी र पुरुष मध्ये पुरुषले पितृसत्तात्मक सोचका कारणले महिलामाथि हैकम जमाउने गरेको पाइन्छ । अतः यस अध्ययनमा पिँढी र प्रभुत्वसम्बन्धी ग्राम्ची र रेमन्ड विलियम्सका यिनै धारणा वा मान्यताहरूको सापेक्षतामा वर्गीय प्रभुत्व र लैङ्गिक प्रभुत्वलाई मुख्य सैद्धान्तिक आधार बनाइएको छ ।

## विमर्श र परिणाम

प्रस्तुत लेखमा कथाकार किशन थापा अधीरको *संस्कृति* कथाको प्रभुत्वसम्बन्धी चेतनाको अध्ययन विश्लेषण गरिएको छ । यो कथा प्रभुत्वसम्बन्धी चेतनाको प्रस्तुतीकरणका दृष्टिले सबल छ । यस कथामा वर्गीय एवम् लैङ्गिक प्रभुत्व सशक्त रूपमा अभिव्यक्त भएको देखिन्छ, त्यसैले यस उपशीर्षकमा धार्मिक प्रभुत्व, जातीय प्रभुत्व, वर्गीय प्रभुत्व, लैङ्गिक प्रभुत्व आदि मध्ये वर्गीय र लैङ्गिक प्रभुत्वका आधारमा प्रस्तुत कथाको अध्ययन विश्लेषण गरिएको छ ।

### 'संस्कृति' कथाको विश्लेषण

*संस्कृति* पिँढी र प्रभुत्वका दृष्टिकोणले सशक्त कथा हो । यसमा तीन ओटा पिँढी र विशेषगरी वर्गीय र लैङ्गिक प्रभुत्व प्रबल रूपमा आएको देखिन्छ, जसलाई छुट्टाछुट्टै निम्न लिखित रूपमा चर्चा गरिन्छ ।

**'संस्कृति' कथामा वर्गीय प्रभुत्व**

*संस्कृति* नेपालको सामन्तवादी सामाजिक व्यवस्थाको पृष्ठभूमिमा लेखिएको कथा हो । यो कथा वर्गीय प्रभुत्वको दृष्टिकोणले सशक्त रहेको देखिन्छ । वर्गीयता भनेको उत्पादनका साधनहरूसँगको सम्बन्धका आधारमा समाजमा देखा परेको खास वर्गप्रतिको पक्षधरता हो (शर्मा, २०७६ पृ.१७९) । ग्राम्चीले राजनीतिक, सांस्कृतिक वा बौद्धिक रूपमा कुनै पनि विचारधाराका माध्यमबाट सत्ताधारीले जनतामाथि दमन गर्नुलाई प्रभुत्व भनेका छन् । खास वर्गको विचारधाराको पक्षधरताका आधारमा कायम गरिने वर्चस्वले वर्गीय प्रभुत्वलाई जनाउँछ । यसमा आर्थिक रूपमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूमाथि थिचोमिचो गर्छन् । निम्न वर्गका मानिसहरू जतिसुकै प्रतिभाशाली र मिहिनेती भए पनि शोषक मानसिकताकै कारणले सधै पछाडि पारिन्छन् (ढकाल, २०७९ पृ.३२०) भने झैँ यस कथाको प्रमुख पात्र वीरबहादुरले भोग्नु परेको सामाजिक शोषाण र आर्थिक उत्पीडनहरू सामन्तवादी सामाजिक अर्थ व्यवस्थाका उपज हुन् । आर्थिक दृष्टिले हेर्दा मालिक जानकीदास सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हो भने पिँढीगत दृष्टिले तत्कालीन नेपाली समाजको प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पात्र हो । यहाँ प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व जानकीदासले गरेको छ । ऊ व्यक्तिगत पात्र भए पनि उसले एउटा सिङ्गो पिँढी र सिङ्गो समुदायका प्रतिनिधित्व गरेको छ ।

नेपाली समाजमा जानकीदास जस्ता व्यक्तिहरूले एउटा प्रभुत्वशाली पिँढीको निर्माण गरेका छन् । यो पिँढी आर्थिक मात्र होइन आफ्नो सांस्कृतिक प्रभुत्व कायम राखिराख्न र अर्को पिँढीलाई आफ्नो अधीनस्थ बनाउन प्रयासरत रहेको देखिन्छ यस कुरालाई कथाको प्रारम्भमा वीरबहादुरले आफ्नो गाउँमा आउँदै गरेको मालिक जानकीदासलाई स्वागत सत्कार गरेको घटनाले पुष्टि गर्छ । कथाको उक्त प्रसङ्ग निम्नानुसार रहेको छ :

> न सोध न खबर तल भन्ज्याङमा आइपुगेको मालिकको खबर चाहिँ उसको जेठो छोराले घरमा पुऱ्याउने काम गर्न भ्याइसकेको थियो र तब के थियो ? हस्याङ अनि फस्याङ गर्दै तलै पुगिहाल्यो वीरबहादर...। एउटा कालो कालो वर्णको व्यक्ति आउँदै थियो । एउटा हातमा सुटकेस र अर्को हातमा गाउँका केटाकेटीलाई बाँड्दै हिँड्न मिठाइको पोको झुन्डाएर । (थापा, २०७३ पृ.२६-२७)

कथाको उपयुर्क्त घटनाले जानकीदासको व्यक्तिगत चरित्रलाई मात्र उद्घाटन नगरेर उसले जुनपिँढी वा समुदायको प्रतिनिधित्व गरेको छ, त्यो पिँढी वा समुदायको चरित्र र संस्कृतिलाई पनि प्रस्तुत गरेको छ । ऊ चेलीबेटी बेचबिखनका लागि केटीहरू लिन वीरबहादुरको गाउँमा आउँदैछ तर उसले एउटा हातमा सुटकेस र अर्को हातमा गाउँका केटाकेटीलाई बाँड्न मिठाइको पोको झुन्डाएको छ । यस परिघटनामा ग्राम्चीले भने झैँ प्रभुत्वशाली सामन्ती वर्गले अधीनस्थ पिँढी वा वर्गलाई हिंसा वा बल प्रयोग नगरी फकाएर आफ्नो अधीनमा राखिराखेका हुन्छन् भन्ने कुरा पुष्टि भएको पाइन्छ । यहाँ जानकीदासको मानव बेचबिखन गर्ने कुत्सित मनसाय वीरबहादुरका परिवारले पत्तो पाउन सकेका छैनन् बरु आफ्नो गरिब अवस्थाको प्रवाह नगरी उसलाई भव्य स्वागत र सत्कार गर्न तल्लीन देखिन्छन् । यस कुरालाई निम्न लिखित प्रसङ्गले प्रस्ट्याउँछ । " वीरबहादुर पनि हाजिर भयो, एउटा हातमा बोतल र अर्को हातमा कुखुरा झुन्डाएर । पत्नी चाहिँ बोली हाली, आफ्नै घराँ थ्यो नि भाले ता ? क्यान बढी हुन्छे यो आइमे ? एउटाले पुग्दैन के (थापा, २०७३ पृ.२९) । यस भनाइमा अधीनस्थ पिँढी वा समुदायले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई कसरी आफ्नो भनी अचेतन स्तरमा ग्रहण गर्दै जान्छ र आफू ठगिएको कुनै शङ्का नगरी उल्टै दमनकारीको चाकरी गर्छ भन्ने कुराको सङ्केत पाइन्छ । वास्तवमा वीरबहादुर निम्न वर्गीय अधीनस्थ पिँढीको प्रतिनिधित्व गर्ने पात्र हो र उसले आफ्ना मालिकलाई त्यसरी भव्यताका साथ स्वागत

सत्कार गर्न सक्ने हैसियत पनि छैन र आवश्यकता पनि देखिन्न तर उसले आफ्नो हैसियतलाई बिर्सेर प्रभुत्वशाली समुदायको संस्कृतिलाई अचेतन स्तरमा ग्रहण गर्दै गइरहेको छ । त्यति मात्र होइन पल्लो घरको भोजबहादुरको छोरो नरेले जानकीदासले दुई वर्ष अगाडि आफ्नी बहिनीलाई लगेर बेपत्ता पारेका कारणले उसलाई आक्रमण गर्छ तर वीरबहादुर र उसका छोराहरूले जानकीदासका पक्षमा लागि नरेलाई पिटेर रगताम्य बनाई कान्लामा फाल्छन् अनि जानकीदासबाट स्यावासी प्राप्त गर्छन् । कथाको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिन्छ :

> पल्लो घरको भोजबहादुरको अठार वर्षीय छोरो नरे टुप्लुक्क देखा परेर मिलिक्क गर्दा नगर्दै जानकीदासलाई घोक्राउन पुग्यो । नरे गाउँ नै थर्काएर पड्कन थाल्यो, "भान मेरी बैनीलाई कता राखिस् ? दुई वर्ष अघि तुँइले काम लगाइदिन लागेकु मेरी बैनीको ना कुनै खाबर छ, ना कुनै तार । काममा लगाइदिन्छु भानेर काता हालिस् मेरी बैनीलाई भान् ए बजिया ? " नतिजा के भयो भने हर्केले आफ्नो आँगनमा नरेको मजासित मर्मत गरिदियो । रगतपिच्छे भएर नरे ढल्यो । "हाम्रो मालिकलाई कसैले टेढो आँखाले मातरा हेऱ्यो भाने पानी मो त्यासको आँखै फुटाल्दिन्छु " शेरेले फेरि आफ्नो महत्ता जनायो । (थापा, २०७३ पृ.३१-३३)

हर्केका यी भनाइमा मालिक संस्कृतिको झल्को पाइन्छ । वास्तवमा भन्ने हो भने वीरबहादुर र उसका छोराहरू हर्के र बिर्खे स्वयम् पनि भोजबहादुरको छोरो नरे जस्तै पीडित थिए तर मालिकसँग मिलेर गरिब र दुःखसुखमा काम दिने छिमेकीलाई निर्मम कुटपिट गरेर आत्मसन्तुष्टिको अनुभव गरेका छन् । ग्राम्चीको मान्यता अनुसार हेर्ने हो भने यो आम मानव स्वभाव नभई प्रभुत्वशाली पिँढीले आफ्नो संस्कृतिलाई अन्य समुदाय तथा पिँढीमा स्थापित गराउने प्रयासको उपज हो । वर्गीय दृष्टिले उनीहरू नरेजस्तै गरिब र पीडित छन् भोलि नरेकै नियति उनीहरूको पनि हुन सक्ने पक्कापक्की हुँदा पनि मालिकको ज्याजतीपूर्ण व्यवहारलाई ठीक ठान्छन् र नरेलाई आक्रमण गरी मालिकको पक्ष लिन्छन् । यस परिघटनाले प्रभुत्वशाली संस्कृतिको वर्चस्व र विपन्न समुदायमा त्यसको प्रभुत्व कायम गर्ने सङ्केतलाई पुष्टि गरेको छ, त्यो प्रभुत्व कायम गर्ने प्रयास बलजफती नभएर सहमतीका साथ भएको देखिन्छ । साथै नरेले मालिकलाई आक्रमण गरेको घटनाले चाहिँ उदीयमान पिँढीको उदयको सङ्केत गरेको देखिन्छ त्यसैले नरे यस कथाको उदीयमान पिँढीको प्रतिनिधित्व गर्ने पात्र हो । ऊ यहाँ एउटा व्यक्ति पात्र भए तापनि उसले एउटा सिङ्गो पिँढी र समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । रेमन्ड विलियम्सले भने झैँ पहिलो पिँढी शासकतुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो वा तेस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा नयाँ चेतना निर्माण गर्छ र प्रभुत्वशाली पिँढीको दबाब र तनाबको बिचबाट त्यसको समाधान स्वरूप तेस्रो पिँढीले वैकल्पिक बाटो लिन्छ भन्ने कुरालाई यस कथाले पुष्टि गरेको देखिन्छ ।

## 'संस्कृति' कथामा लैङ्गिक प्रभुत्व

प्रभुत्वशाली व्यक्ति वा वर्गले आफ्ना अधीनमा रहेका निमुखा कमजोरमाथि गर्ने थिचोमिचोलाई दमन भनिन्छ । लैङ्गिक दमन र शोषण दुवै राजनीतिक र आर्थिक अवधारणा हुन् । शोषणको आधार आर्थिक सम्बन्ध हो भने त्यसकै आधारमा दमनको अधिरचना तयार भएको हुन्छ (भट्टराई, २०७८ पृ. १३६) । दमन र शोषणको मुख्य स्रोत पितृसत्ता हो । पितृसत्ता भन्नाले पुरुषप्रधानता र सत्तामा पुरुषको हालीमुहाली भएको स्थितिलाई बुझिन्छ । महिलामाथिको पुरुषको संस्थागत प्रभुत्व अर्थात् पितृसत्तामा सम्पत्तिको अधिकार, सामाजिक हैसियत, राजनीतिक शक्तिमा पहुँच, नीति निर्माण, शिक्षा, रोजगारी,कानुनी अधिकार आदि पक्षमा महिलाभन्दा पुरुषको बढी प्रभुत्व कायम हुन्छ (प्रतीक्षा, २०७९ पृ.३३०) । पितृसत्ताले नारीलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरेर राज्यका हरेक कानुनी तथा सामाजिक सांस्कृतिक मूल्य मान्यतालाई पुरुष अनुकूल बनाउने प्रयत्न गर्दछ (अर्याल, २०७६ पृ.५१-५२) ।

शोषण र दमन वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, धार्मिक, साम्प्रदायिक आदि आधारमा हुने गर्छ । शक्तिशाली वर्गले सत्ता र शक्तिको आडमा वर्गीय,लैङ्गिक आदि आधारमा कमजोरमाथि थिचोमिचो गर्ने गर्दछ । सांस्कृतिक जीवनमा पनि महिला र पुरुषलाई हेर्ने अवधारणा र व्यवहारमा रहेको भेदभावले जनजीवनमा पुरुषलाई मालिकको र महिलालाई नोकरको स्थानमा राखेको छ (कक्षपती, २०७६ पृ.२९४) । यस कारणले गर्दा समाजमा पुरुषले महिलामाथि हैकम जमाउन सहज परिस्थिति निर्माण भएको पाइन्छ, जसले लैङ्गिक प्रभुत्व स्थापित गर्न मलजल प्रदान गरेको देखिन्छ । *संस्कृति* कथामा वर्गीय प्रभुत्व जस्तै लैङ्गिक प्रभुत्व पनि सशक्त रूपमा आएको देखिन्छ । मानव सभ्यताको सुरुआतदेखि नै पितृसत्ताको कारणले नारीहरू थिचोमिचोमा पर्दै आएका छन् । पुरुषको सुख प्राप्तिको साधन बनाइएकाले ज्ञान र शक्तिबाट वञ्चित भएका महिलाहरू उपभोग्य वस्तु सरह बन्न पुगेका छन् । तिनको व्यापारीकरण गरिएको छ । पितृसत्तात्मक प्रभुत्वका कारणले समाजमा महिलाहरूलाई सीमान्त र शक्तिहीन बनाइएको छ । उनीहरूलाई पढ्नेलेख्ने अवसर दिइएको छैन । प्रस्तुत कथामा यिनै विषयलाई सशक्त रूपमा उठाएको पाइन्छ । नारीलाई पढ्ने लेख्ने अवसर नदिई जतिसक्यो छिटो विवाह गरेर पन्छाउन पाए हुन्थ्यो भन्ने पुरुषको चाहनाले गर्दा उनीहरू झनै कमजोर हुन पुगेका छन् भन्ने कुरा कथाका यी पङ्क्तिका माध्यमबाट निकै प्रभावकारी ढङ्गले व्यक्त गरेको देखिन्छ :

> "तारु हजुर ! छोरीहरू हुर्कनु भनेको ता बाबुलाई चिन्ता थापिदिने कुरा पो भयो गाँठे ।"
>
> "त के भयो वीरबहादुर ? के तिम्रो मतलव छ बेटीहरू बडा नहोऊन् ? "
>
> "मेरो चिन्ता मालिक, यसो गातिलो घार हेर्न पाए चाँडै छोरीहरूलाई ...। "
>
> "हुन ता त्यसै हो हाजुर तारु गारिप मुन्छेले कसरी छोरीहरूलाई पाढाउनु सक्ला, छोराहरूलाई त पाढाउनु सकिएन भने ?" (थापा, २०७३ पृ.२७-२८)

यहाँ वीरबहादुर वर्गीय दृष्टिकोणले निम्न वर्गीय देखिन्छ तर उसमा पुरुष हुनाको अहङ्कार, प्रभुत्व एवम् छोरा र छोरी बिचको भेदभावको भावना तीव्र रूपमा देखा परेको छ । उसले छोरीहरू हुर्कनु भनेको बाबुलाई चिन्ता थप्ने कुरा हो भन्ने सोचाइ राखेको छ र छोरी बढ्नुलाई आफ्नो एउटा बोझको रूपमा समेत लिएको देखिन्छ । त्यसैले छोरीलाई पढाएर लेखाएर सक्षम बनाउनुभन्दा चाँडै गतिलो घर खोजेर आफ्नो जिम्मेवारीलाई अर्काको काँधमा बिसाउन आतुर रहेको दखिन्छ । उक्त परिघटनाले वीरबहादुरमा रहेको पुरुषवादी प्रभुत्वलाई पुष्टि गरको छ । साथै यस कथामा पितृसत्ताका कारणले नारीलाई जबर्जस्त रूपमा पुरुषको प्यास र थकाइ मेटाउने साधन बनाउन खोजिएको कुरा वीरबहादुरले आफ्नी छोरीलाई मालिकको जिउ मिचिदिन भनेको प्रसङ्गबाट स्पष्ट हुन्छ, जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

> ठुली छोरीलाई लगभग साउती गरेरै वीरबहादुरले भन्यो-" हेर छोरी ! मालिक भन्या हाम्रा भगवान हुन् । उनी थाकेका छन्, जीउ दुख्या छा भान्दै थे हेरी गएरा मिच्दे जा, उनी सुतेपछि मात्र बैनीसिता सुतेस् । "त्यसपछि कति पनि बेर नलगाई अल्झन थालेको खुट्टा बलैले टेकेर सीतालाई तान्दै वीरबहादुर कोठाभित्र आफ्नो बहादुरी देखाउन छिरिहाल्यो । जानकीदास पनि सीताले जन्माएकी अर्की सीताको पाखुरा समातेर मुस्काउन थाल्यो । (थापा, २०७३ पृ.३१)

माथिको कथांशमा वीरबहादुरले आफ्नी ठुली छोरीलाई मालिक जानकीदास भगवान भएको र ऊ थाकेको हुनाले रातीको समयमा जीउ मिचिदिन आदेश दिएको र उसले पनि कुनै प्रतिकार नगरी मौन स्वीकार गरेकी छ । यस घटनाले एकातिर नारीलाई पुरुषको प्यास र थकाइ मेटाउने साधन बनाउन खोजिएको कुरालाई पुष्टि गरेको छ भने अर्कोतिर नारीलाई मालिकको दासीको रूपमा पनि प्रयोग गरिन्छ

भन्ने कुरालाई स्पष्ट पारेको छ साथै हाम्रो समाजमा महिला र पुरुषलाई हेर्ने अवधारणा र व्यवहारमा रहेको भेदभावले जनजीवनमा पुरुषलाई मालिकको र महिलालाई नोकरको स्थानमा राखेको छ भन्ने कुरालाई पनि पष्टि गरेको पाइन्छ ।

यस कथामा चेलीबेटी बेचबिखनको समस्यालाई पनि सशक्त रूपमा उठाइएको छ । मालिक जानकीदासले ग्रामीण समाजका युवतीहरूलाई विभिन्न प्रलोभनमा पारेर बेचबिखन गरी बेपत्ता पारेको कुरा यस कथाबाट स्पष्ट भएको छ । पल्लो घरको भोजबहादुरको छोरो नरेले जानकीदासले दुई वर्ष अगाडि आफ्नी बहिनीलाई लगेर बेपत्ता पारेको कथा प्रसङ्ले उक्त कुरालाई पुष्टि गरेको छ । जस्तै : नरे गाउँ नै थर्काएर पड्कन थाल्यो, “भान मेरी बैनीलाई कता राखिस् ? दुई वर्ष अघि तुँइले काम लगाइदिन लागेकु मेरी बैनीको ना कुनै खाबर छ, ना कुनै तार । काममा लगाइदिन्छु भानेर काता हालिस् मेरी बैनीलाई भान् ए बजिया”(थापा, २०७३ पृ.३१-३२) ? यस कथांशले नेपाली समाजको तत्कालीन विमर्शात्मक संरचनामा चेलीबेटी बेचबिखनको व्यापार निकै मौलाएको थियो भन्ने कुरालाई पुष्टि गर्छ ।

यस कथामा मालिक जानकीदास एउटा त्यस्तो प्रतिनिधि पात्र हो जो चेलीबेटी बेचबिखनमा क्रियाशील छ तर राज्यबाट ऊ कुनै प्रकारले दण्डको भागिदार बन्दैन । कानुनको पहुँचभन्दा ऊ बाहिर छ अथवा सत्ता र शक्ति उसको पहुँचमा छ फलस्वरूप समाजमा ऊ त्यस्तो कुकर्म गरेर खुलेआम हिँडिरहेको छ । यसरी प्रभुत्वशाली मालिक जानकीदासबाट नरेकी बहिनी जस्ता युवतीहरू बेचिनुले तत्कालीन समाजको कुरूप संस्कृति र नारीमाथिको अमानवीय व्यवहारलाई पुष्टि गरेको छ साथै पुरुष प्रधान सामन्ती समाजले आफ्नो प्रभुत्वको बलले नारीहरूमाथि जघन्य अपराध गरेको छ भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ ।

## निष्कर्ष

यो आलेख विषयपरिचय, अध्ययनविधि, अध्ययनको सैद्धान्तिक आधार, विमर्श र परिणाम तथा निष्कर्ष गरी मुख्य पाँच शीर्षकमा संरचित छ । विषयपरिचयमा शोधको शीर्षकलाई परिभाषित गरी समस्याकथन, अध्ययनको उद्देश्य, औचित्य र उपयोगिता, सीमाङ्कन आदिको सङ्क्षेपमा चर्चा गरिएको छ । अध्ययनविधिमा विशेषगरी सामग्री सङ्कलन विधि तथा सामग्री विश्लेषण विधि प्रस्तुत गरिएको छ । अध्ययनको सैद्धान्तिक आधार उपशीर्षकमा विश्लेष्य कथाको अध्ययन विश्लेषणका लागि प्रभुत्व सम्बन्धी अवधारणाका संस्थापक इटालियन विचारक एन्टोनियो ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यता प्रस्तुत गरिएको छ । विमर्श र परिणाम उपशीर्षकमा वर्गीय प्रभुत्व र लैङ्गिक प्रभुत्वका आधारमा *संस्कृति* कथाको विश्लेषण गरिएको छ र अन्तमा सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

*संस्कृति* किशन थापा अधीरद्वारा लेखिएको पिँढी र प्रभुत्वका दृष्टिले सबल कथा हो । यो कथा नेपालको सामन्तवादी सामाजिक पृष्ठभूमिमा लेखिएको छ । यस कथामा विशेषगरी वर्गीय र लैङ्गिक प्रभुत्व सशक्त रूपमा आएको देखिन्छ । प्रभुत्वशाली, अधीनस्थ र उदीयमान पिँढीको उपस्थिति रहेको देखिन्छ । यसमा प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व मालिक जानकीदासले गरेको छ भने अधीनस्थ पिँढीको प्रतिनिधित्व वीरबहादुर, हर्के र बिर्खे जस्ता पात्रले गरेका छन् र उदीयमान पिँढीको प्रतिनिधित्व भोजबहादुरको छोरो नरेले गरेको देखिन्छ । नेपाली समाजमा जानकीदासजस्ता प्रभुत्वशाली व्यक्तिले आर्थिक प्रभुत्व मात्र होइन सांस्कृतिक प्रभुत्व कायम राखिराख्न र अर्को पिँढीलाई अधीनस्थ बनाइराख्न प्रयासरत हुन्छन् भन्ने कुरा व्यक्त गर्दै ग्राम्चीले भने झैँ उनीहरूले यस्तो कार्य बल प्रयोग गरेर नभई सन्धी सम्झौताका माध्यमबाट गर्छन् भन्ने कुरा अभिव्यक्त गरेको पाइन्छ साथै यस कथामा प्रभुत्वशाली पिँढीको ज्याजतीका विरुद्धमा दोस्रो वा तेस्रो पिँढीले बैकल्पिक बाटो लिन्छ भन्ने कुरालाई मालिकका विरुद्ध जाइलाग्ने नरेका माध्मबाट पुष्टि गरिएको छ । नरेले आफ्नी बहिनीलाई बेपत्ता पार्ने मालिक

जानकीदासमाथि आक्रमण गरी प्रभुत्वशाली वर्गको दवाव र तनाबका बिचबाट त्यसको समाधान स्वरूप नयाँ चेतनाको निर्माण गरेको छ तर वीरबहादुर र उसका छोराहरू हर्के र बिर्खे वर्गीय दृष्टिले नरेजस्तै शोषित पीडित छन्, भोलि उनीहरूको नियति पनि नरको जस्तै हुनसक्छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि मालिकको कुत्सित मनसायलाई ठीक ठानेर उल्टै नरेमाथि आक्रमण गर्न पुग्छन् । यस परिघटनाबाट एकातिर प्रभुत्वशाली वर्गबाट श्रमिकहरूले आफू शोषित भएका वा ठगिएका छौँ भन्ने कुरा थाहा पाउँदैनन् बरु उनीहरूकै चाकरीमा तल्लीन हुन्छन् भन्ने कुरा पुष्टि गरिएको छ भने अर्कातिर शक्तिहीन नरेले प्रभुत्वशाली मालिक विरुद्ध बिद्रोहभाव व्यक्त गरेबाट ऊ शक्ति आर्जन गर्ने प्रयासतर्फ उन्मुख भएको सङ्केत कथामा गरेको पाइन्छ ।

यस कथामा पितृसत्ताका कारणले नारीलाई जबर्जस्त रूपमा पुरुषको प्यास र थकाइ मेटाउने साधन बनाउन खोजिएको कुराले लैङ्गिक प्रभुत्व व्यक्त गरेको पाइन्छ । यसमा एकातिर नारीलाई पुरुषको प्यास र थकाइ मेटाउने साधन बनाउन खोजिएको कुरालाई पुष्टि गरिएको छ भने अर्कोतिर नारीलाई मालिकको दासीको रूपमा पनि प्रयोग गरिन्छ भन्ने कुरा पनि सँगसँगै प्रस्तुत गरेको पाइन्छ । यस कथामा नेपाली समाजको तत्कालीन विमर्शात्मक संरचनामा चेलीबेटी बेचबिखनको व्यापार निकै मौलाएको थियो भन्ने कुरा पनि व्यक्त भएको पाइन्छ । यस कथामा मालिक जानकीदास एउटा त्यस्तो प्रतिनिधि पात्र हो जो चेलीबेटी बेचबिखनमा क्रियाशील छ तर राज्यबाट ऊ कुनै प्रकारले दण्डको भागिदार बन्दैन । कानुनको पहुँचभन्दा ऊ बाहिर छ अथवा सत्ता र शक्ति उसको पहुँचमा छ फलस्वरूप समाजमा ऊ त्यस्तो कुकर्म गरेर खुलेआम हिँडिरहेको छ । यसरी प्रभुत्वशाली मालिक जानकीदासबाट नरेकी बहिनी जस्ता युवतीहरू बेचिनुले तत्कालीन समाजको कुरूप संस्कृति र नारीमाथिको अमानवीय व्यवहारलाई पुष्टि गरेको छ साथै पुरुष प्रधान सामन्ती समाजले आफ्नो प्रभुत्वको बलले नारीहरूमाथि जघन्य अपराध गरेको छ भन्ने कुरालाई सशक्त ढङ्गले प्रस्तुत गरिएको देखिन्छ ।

## सन्दर्भसामग्री

अर्याल, अम्बिका (२०७६). समकालीन नेपाली कथामा नारी चेतना. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.*( सम्पा.ज्ञानु अधिकारी). नेपाल प्रज्ञा–प्रतिष्ठान ।

कक्षपती, सावित्री (२०७६). समकालीन नेपाली कथामा सांस्कृतिकता. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* (सम्पा.ज्ञानु अधिकारी). नेपाल प्रज्ञा–प्रतिष्ठान ।

ढकाल, रजनी (२०७९). उत्तरवर्ती नेपाली निबन्धको समाजशास्त्रीय पठन. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). *रत्न बृहत् नेपाली समालोचना (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड).* रत्न पुस्तक भण्डार ।

थापा, किशन (२०६६). *अद्यापि.* रत्न पुस्तक भण्डार ।

थापा, किशन (२०७३). संस्कृति. *प्रज्ञा आधुनिक नेपाली कथा.* भाग-५ (सम्पा. इस्माली र लक्ष्मणप्रसाद गौतम). नेपाल प्रज्ञा–प्रतिष्ठान ।

प्रतीक्षा, साधना (२०७९). लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). *रत्न बृहत् नेपाली समालोचना (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड).* रत्न पुस्तक भण्डार ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७८). *साँस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* (दोस्रो संस्क.).भुँडीपुराण प्रकाशन ।

शर्मा, बिन्दु (२०७६). समकालीन नेपाली कथामा वर्गीयता. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* (सम्पा.ज्ञानु अधिकारी). नेपाल प्रज्ञा–प्रतिष्ठान ।